अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८३।०८।११ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

कृष्णनगर नगरपालिका, कपिलवस्तुका प्राविधिक प्रमुख, इन्जिनियर (करार) प्रदीप कुमार चौधरीले निर्माण व्यवसायीबाट विभिन्न भुक्तानीको विषयमा अनुचित लेनदेन गरेको, ह्वाट्सएपमा च्याट गरेको र ठेकेदारले उसको खातामा पैसासमेत मोबाइल बैंङ्किङमार्फत पठाएको प्रमाण रहेकोले निज प्राविधिक प्रमुखलाई यथाशीघ्र नियन्त्रणमा लिई कारबाही हुन भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा कृष्णनगर नगरपालिका, कपिलवस्तुका इन्जिनियर प्रदीप कुमार चौधरीले राष्ट्रसेवक पद तथा ओहदाको दुरूपयोग गरी नगरपालिकाबाट सञ्चालित सडक निर्माण कार्य सम्पन्न पश्चात् अन्तिम बिल भुक्तानी गर्न गराउन विभिन्न बहाना बनाई दुःख हैरानी दिई सेवाग्राहीसँग कमिसन/घुस (रिसवत) माग गरी बार्गेनिङ गरी चेकमार्फत रू. ५०,०००/- (पचास हजार रूपैयाँ) र बैक खातामा FonePay मार्फत रू.१,००,०००/- (एक लाख रूपैयाँ) गरी जम्मा घुस (रिसवत) रकम रू.१,५०,०००/- (एक लाख पचास हजार रूपैयाँ) निज प्रदीप कुमार चौधरीले सेवाग्राहीबाट लिएको पुष्टि भएकोले निज प्रदीप कुमार चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रू.१,५०,०००/- (एक लाख पचास हजार रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

सहायक प्रवक्ता
पर्वत गिरी